मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमती प्रदेशसभामा २ वटा विधेयक पेस

हेटौंडा, २५ चैत/बागमती प्रदेशसभा बैठकमा २ विधेयक पेस भएका छन् । प्रदेशसभाको बुधबार बसेको बैठकमा अर्थ तथा वित्तीय र खानेपानी तथा सरसफाइ सम्बन्धी विधेयक पेस भएको हो । बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेस गरेका हुन् भने प्रदेशका खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्री कृष्णकुमार तामाङले प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेस गरेका हुन् । संसद्मा पेस भएका विधेयक प्रदेशसभाका आगामी बैठकमा छलफलमा अघि बढ्ने छ । मंगलबारबाट सुरु भएको प्रदेशसभाको हिउँदे अधिवेशन अन्तर्गतको बुधबार २ वटा बैठक सञ्चालन भएका थिए । बैठकमा विशेष समयमा सांसदहरुले समसामयिक विषयमा धारणा राखेका थिए । प्रदेशसभाको अर्को बैठक बिहीबार बिहान ११ बजे बस्नेछ ।

### बागमती प्रदेश उद्योग परिसंघमा कडेँलको अध्यक्षतामा कार्यसमिति चयन

# उद्योगीमैत्री वातावरण निर्माण गर्न प्रतिबद्ध: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ बागमती प्रदेश उद्योग परिसंघको पाँचौं वार्षिक साधारणसभा प्रदेश राजधानी हेटौंडामा सम्पन्न भएको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा मुख्यमन्त्री बानियाँले देशको आर्थिक गतिशीलताका लागि उद्योगक्षेत्र अपरिहार्य रहेको उल्लेख गरेका छन् । उद्योगी व्यवसायीले लिएका लक्ष्य पूरा गर्न सरकारले लचिलो, सरल र व्यवसायमैत्री नीति ल्याउनुपर्नेमा जोड दिँदै उनले बागमती प्रदेश सरकार उद्योगीमैत्री वातावरण निर्माण गर्न प्रतिबद्ध रहेको बताएका छन् । मुख्यमन्त्री बानियाँले भूमि व्यवस्थापन, उद्योग दर्ता र राजस्व संकलन जस्ता विषय प्रदेश सरकार मातहतमा आएमा उद्योग सञ्चालन अझ सहज हुने विश्वास व्यक्त गरे ।




नेपालको आर्थिक विकासमा उद्योग क्षेत्रको ठूलो भूमिका रहेको उल्लेख गर्दै उद्योगी व्यवसायीलाई उत्साहित बनाउने वातावरण सिर्जना गर्नु तीनै तहका सरकारको दायित्व रहेको उनले बताए । संघीय सरकारले नीतिगत सुधारमा थप ध्यान दिनुपर्ने आवश्यकतामा मुख्यमन्त्री बानियाँको जोड थियो । बागमती प्रदेशका सामाजिक विकासमन्त्री कञ्चनचन्द्र बादेले उद्योगी व्यवसायीलाई कानूनले जटिलता सिर्जना गर्ने भन्दा पनि सहजता प्रदान गर्ने हुनुपर्ने धारणा राखे । उद्योग क्षेत्र देशको मेरुदण्डकारुपमा रहेको उल्लेख गर्दै देशलाई आर्थिकरुपमा सक्षम बनाउन सबैभन्दा ठूलो भूमिका उद्योगको हुने उनको भनाई थियो ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले उपमहानगर पालिका देशकै सबैभन्दा धेरै उद्योग रहेको क्षेत्र भए पनि बेरोजगारी समस्या कायम रहनु दु:खद रहेको बताइन् । उनले स्थानीय उत्पादनको प्रवर्द्धनमा जोड दिँदै गुन्द्रुकलाई ब्रान्डिङ गरी अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने प्रयास भइरहेको जानकारी दिइन् । मेवा र ड्रागन फ्रुटलाई पनि हेटौंडाको पहिचानकारुपमा विकास गर्न व्यावसायिक खेती विस्तार भइरहेको नगरप्रमुख लामाले बताइन् । परिसंघका निवर्तमान अध्यक्ष लेखराज पोखरेलले अन्तर्राष्ट्रिय परिस्थितिको प्रभावका कारण उद्योगक्षेत्र प्रभावित भएको बताए ।

विशेषगरी अमेरिका-इरान तनावका कारण उत्पादन लागत झण्डै दोब्बर बढेको र कच्चापदार्थ सहजरुपमा उपलब्ध हुन नसकेको उनको भनाइ थियो । उनले औद्योगिकीकरणमार्फत् दिगो विकास र रोजगारी सिर्जनाका लागि सरकारले सकारात्मक भूमिका खेल्ने विश्वास व्यक्त गर्दै औद्योगिक क्षेत्रसँग सम्बन्धित जग्गा बहाल विवाद तत्काल समाधान गर्न माग गरेका छन् । प्रस्तावित रसुवागढी-ठोरी मार्ग नजिक पर्ने विदुर नगरपालिका-५ र ६ को १५० रोपनीभन्दा बढी जग्गामा औद्योगिकग्राम स्थापना गर्न प्रदेश सरकारसँग आग्रह गरे ।

परिसंघका संस्थापक अध्यक्ष कृषिराम पोखरेल र निवर्तमान अध्यक्ष भेषराज दुवाडीलाई सम्मान गरिएको थियो । कार्यक्रममा मायाको चिनोमा खर्च हुने रकम मामाघर नेपाललाई प्रदान गरिएको छ । मामाघर नेपालका संस्थापक अर्पण पराजुलीलाई परिसंघको तर्फबाट १० हजार रुपैयाँ प्रदान गरिएको हो । परिसंघको तेस्रो अधिवेशनबाट त्रिलोचन कडेँलको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रुपमा चयन गरिएको छ । निवर्तमान अध्यक्षमा लेखराज पोखरेल, वरिष्ठ उपाध्यक्षमा दिवस न्यौपाने चयन भएका छन् । स्वागतराज प्याकुलेल, बद्रीनाथ शर्मा र दिनुपकुमार वराल उपाध्यक्षहरु निर्विरोध चयन भएका छन् । सविना सुडालको संयोजकत्व प्रदेश उद्योग परिसंघ महिला उद्यमी मञ्च गठन गरिएको छ ।

## नसर्ने रोग रोकथामका लागि स्वास्थ्य र खेलकुद कार्यक्रम सुरु




साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ हेटौंडामा नसर्ने रोग न्यूनीकरण र शारीरिक गतिविधि प्रवर्द्धन सम्बन्धी कार्यक्रम भएको छ । बुधबार र बिहिबार दुईदिन चल्ने कार्यक्रममा बुधबार मनहरी गाउँपालिका राक्सिराङ, कैलाश र हेटौंडा उपमहानगरपालिकाका शिक्षा, स्वास्थ्य, खेलकुदका प्रमुख, स्कुल नर्स र क्लबका प्रतिनिधि सहभागी रहेका थिए ।

'कम्युनिटी स्पोर्ट एण्ड हेल्थ कोअपरेशन इनिसिएटिभ' अन्तर्गत् आयोजित कार्यक्रममा दैनिक कम्तिमा ६० मिनेट खेलकुदले नसर्ने रोगको जोखिम घटाउने विषयमा जोड दिइएको थियो । कार्यक्रममा सिनियर प्रोग्राम अफिसर सञ्जु गौतमले नेपालका मकवानपुर, नुवाकोट, चितवन र ललितपुरमा स्वास्थ्य शिक्षा र खेलकुदलाई जोडेर कार्यक्रम सुरु गरिएको जानकारी दिए । उनका अनुसार नसर्ने रोगका कारण मृत्युदर बढ्दो छ, विशेषगरी युवामा यसको प्रभाव गम्भीर बन्दै गएको छ ।

हेल्थ कन्सर्नका प्रोग्राम म्यानेजर राजेन्द्र थापाले वर्तमान अवस्था चिन्ताजनक रहेको बताउँदै स्वस्थ जीवनशैली अपनाउन आवश्यक रहेको धारणा राखे । उनले सहभागीलाई केही कार्यप्रस्तुति सहितको छलफल गराएका थिए । नेपाल ओलम्पिक कमिटीका सचिव रामकृष्ण श्रेष्ठले नियमित व्यायाम मानवस्वास्थ्यका लागि अत्यावश्यक रहेको उल्लेख गर्दै यसलाई पाठ्यक्रममै समावेश गर्नुपर्ने आवश्यकता औंल्याए । कार्यक्रममा करिब १५० अभिभावक, शिक्षक, स्वास्थ्यकर्मी तथा क्लबका सदस्यको सहभागिता रहेको थियो । सहभागीले सामुदायिक स्वास्थ्य र खेलकुदलाई एकीकृतरुपमा अघि बढाउने विषयमा छलफल गरेका थिए ।

हेटौंडा उपमहानगर पालिका सामाजिक विकास महाशाखा प्रमुख डा. भीमप्रसाद तिमल्सिनाले स्वागत मन्तव्य राखेको कार्यक्रममा आगामी योजना तथा सहकार्यका विषयमा छलफल गरिएको थियो । आगामी दिनमा हेटौंडा उपमहानगरबाट हुने नीति तथा योजनामा यस्ता कार्यक्रमलाई पनि समावेश गर्ने प्रतिबद्धता जाहेर गरेका छन् ।

## 'अपरेसन ड्रप' अन्तर्गत थप २० जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले सञ्चालन गरेको विशेष सुरक्षा अभियान 'अपरेशन ड्रप' अन्तर्गत २० जनालाई नियन्त्रणमा लिएको छ । मंगलबार प्रहरीले अवैधरुपमा नदीजन्यपदार्थ उत्खनन तथा ओसार पसारमा संलग्न ८ जना तथा लागूऔषध सेवन गर्ने १२ जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

नियन्त्रणमा परेकामध्ये केही व्यक्ति नदीजन्यपदार्थ उत्खनन तथा ढुवानीमा संलग्न रहेका छन् भने केही लागूऔषध सेवनकर्ता रहेको प्रहरीले जनाएको छ । मदिरा भट्टी सञ्चालन तथा त्यहाँ काम गर्ने व्यक्ति र चोरी मुद्दाका एक फरार प्रतिवादी समेत पक्राउ परेको जानकारी दिइएको छ । नदीजन्यपदार्थ उत्खनन तथा ओसार पसारमा संलग्न रहेको आरोपमा पर्सा जिल्लाको जिराभवानी गाउँपालिका-४ का नीराजनप्रसाद दीक्षा थारु, पर्साको पटेर्वा सुगौली नगरपालिका-३ का रामधार महतो थारु, २० वर्षीय मिर्गन चौधरी, रोशन हजार दास, मकवानपुरको राक्सिराङ गाउँपालिका-३ का बीरेन चेपाङ, १९ वर्षीय आशिष प्रजा, १२ वर्षीय एक किशोर, वर्ष १९ का हेटौंडा-३, बसामाडीका सौरभ मगरलाई पक्राउ गरेको छ ।

लागूऔषध सेवन गर्ने मकवानपुरगढी गाउँपालिका-५, का प्रदीप भोलन, २० वर्षीय अमृत स्याङतान, ३५ वर्षीय गणेश पण्डित, हेटौंडा-११ का सिमन भुजेल, हेटौंडा-४ का ३२ वर्षीय रोहित तामाङ, ३० वर्षीय विके तामाङ, हेटौंडा-१० का ३७ वर्षीय बिक्रम तामाङलाई पक्राउ गरेको छ । चोरीको मुद्दामा फरार रहेका हेटौंडा-१ का बिजय तामाङ, मदिरा भट्टी सञ्चालन गर्ने काभ्रे जिल्लाको तेमाल गाउँपालिका-५ घर भई हाल हेटौंडा-१६ बस्दै आएका ६७ वर्षीय भिमानसिंह तामाङ, सोही भट्टीमा काम गर्ने १९ वर्षीय लिलाबहादुर तामाङ र मकवानपुरको बकैया गाउँपालिका-४, हात्तीसुँडेका २२ वर्षीय शिवराज ठकुरीलाई पक्राउ गरेको प्रहरीले जानकारी दिएको छ । सबै जनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## हेटौंडा कपडा उद्योग सञ्चालन गरियोस्: सांसद उप्रेती

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद प्रशान्त उप्रेतीले हेटौंडा कपडा उद्योग सञ्चालन गर्न माग गरेका छन् ।

बुधबार प्रतिनिधिसभा बैठकमा उनले केही समय अगाडि गृहमन्त्रीले नेपाल प्रहरीको कपडा नेपालमै सिलाउने भनेर घोषणा गरेको स्मरण गरे । त्यो कार्य पूरा गर्नको लागि हेटौंडा कपडा उद्योग सरकारको बाटो कुरेर बसिराखेको छ,' सांसद उप्रेतीले अगाडि भने, 'कृपया त्यो सञ्चालनका लागि सरकारले कदम अगाडि बढाओस् ।' बन्द रहेका उद्योगको सञ्चालन गर्ने कार्यको थालनी हेटौंडा कपडा उद्योगबाट सुरुगर्न पनि उनले माग गरेका छन् ।



सरकारको पूर्ण स्वामित्वमा रहेको हेटौंडा कपडा उद्योग २०५७ सालदेखि बन्द छ । २०३५/३६ देखि व्यावसायिकरुपमा उत्पादन गरेको कपडा उद्योगको दैनिक ३६ हजार मिटर कपडा उत्पादन गर्नसक्ने क्षमता थियो ।

बन्द हेटौंडा कपडा उद्योग १ सय ८८ रोपनीमा फैलिएको छ । २०६५ सालमा बाबुराम भट्टराई अर्थमन्त्री हुँदा हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्ने निर्णय भएको थियो । त्यसबाट उत्पादित कपडा नेपाली सेना, नेपाल प्रहरी र निजामती कर्मचारीको पोशाकमा प्रयोग गर्ने भन्दै उद्योग सञ्चालनका लागि नौ करोड छुट्याइएको थियो । बजेट खर्च भए पनि उद्योग चलेन ।

२०६६ साल कात्तिकमा हेटौंडा कपडा उद्योगलाई दोस्रोपटक लिक्विडेशनमा लैजाने निर्णय निर्णय भएको थियो । दमनबहादुर विष्टलाई लिक्विडेटरमा नियुक्त गरिएको थियो । कार्यालय स्थापना गरेर काम सुरु गरिएको भएपनि पूर्णता पाउन सकेन ।

२०६९ माघ १२ गतेको मन्त्रिपरिषद् बैठकले उद्योगको सम्पत्ति शेयर लगानीका रुपमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा गाभ्ने निर्णय गऱ्यो । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई लिलामीको अधिकार प्रदान गरेको थियो । मशिनरी आठ करोड १४ लाख २७ हजार ६५० रुपैयाँ र भवन तथा भौतिक पूर्वाधारको आठ करोड १२ लाख २५ हजार रुपैयाँ मूल्यांकन भएको थियो । त्यसपछि प्रक्रिया अघि बढ्न सकेन । २०७० मा पुष्पकमल दाहाल नेतृत्वको सरकारले उद्योग सञ्चालन गर्न आठ करोड रुपैयाँ छुट्यायो । ६ करोड रुपैयाँ खर्चेर मशिन मर्मत गरी उत्पादनको परीक्षण पनि गरियो ।

मेशिन चल्ने अवस्थामा रहेपनि कच्चापदार्थ कपास उपलब्ध नभएको भन्दै उद्योग सञ्चालनमा आएन । २०७० सालमै सुशील कोइराला नेतृत्वको सरकारले उद्योग खारेज गरेर त्यस उद्योगको भवन र भौतिक पूर्वाधारबापतको रकम औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा शेयरका रुपमा लगानी गर्ने निर्णय गऱ्यो । २०७३ सालमा उद्योग मन्त्री नवीन्द्रराज जोशीले उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गर्न समिति बनाएका थिए । तर, काम अघि बढ्न सकेन ।

त्यसपछि २०७५ सालमा नेपाली सेनालाई संलग्न गराएर उद्योग चलाउने योजनाअनुरुप अध्ययन कार्यदल गठन भयो । कार्यदलले करीब ३० करोड खर्च गर्दा उद्योग सञ्चालनमा ल्याउन सकिने निष्कर्ष निकालेको थियो । त्यसपछि यो कार्यदलको फाइल पनि दराजमा थन्क्याइयो र काम अघि बढ्न सकेन ।



साझाकुरा

हाम्रो कुरा

## स्वस्थ्य सहरमा गैरकानूनी स्वास्थ्य संस्था ?

बागमती प्रदेशको एकमात्र उपमहानगरपालिका हेटौंडा उपमहानगर स्वस्थ्य सहर घोषणा गर्ने प्रदेश सरकारको तयारी छ । तर, यही स्वस्थ्य सहरमा संचालनमा रहेका स्वास्थ्य संस्था भने गैरकानुनी रुपमा संचालन भइरहेका छन् । यो बिडम्बनालाई नागरिकले कतिन्जेल सहनु पर्ने हो ? मकवानपुरमा सञ्चालनमा रहेका अधिकांश निजी स्वास्थ्य संस्था मापदण्डविपरीत सञ्चालन भइरहेको पाइएको छ । विभिन्न अस्पताल, पोलिक्लिनिक र फार्मेसीको अनुगमन गर्दा मापदण्डविपरित सञ्चालनमा रहेको पाइयो । सन्चो अस्पताल नवीकरण नै नभई सञ्चालन भइरहेको छ । नवीकरणको प्रक्रिया अघि बढाएपनि अस्पताल नबीकरण भएको छैन । इमर्जेन्सीमा आवश्यक पर्ने एकसय ४५ प्रकारका औषधि हुनुपर्नेमा १०-१२ मात्रै उपलब्ध रहेको पाइएको छ । अस्पतालमा १० प्रतिशत नि:शुल्क उपचार गर्नुपर्ने शैया समेत राखिएको छैन । यहाँ सामाजिक सेवा इकाइ राखीएको छैन ।

बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशका १३ वटै जिल्लामा 'एकजिल्ला एक स्वस्थ्य सहर' घोषणा गर्ने तयारी अनुसार प्रदेशको राजधानी रहेको हेटौंडालाई स्वस्थ्य सहर बनाउने कार्यको थालनी गरेको छ । एक जिल्ला एक स्वस्थ्य सहर कार्यक्रमअन्तर्गत हेटौंडा उपमहानगरस्तरीय समिति बैठक तथा अभिमुखीकरण मंगलवार आयोजना गरियो । वक्ताहरुले दमदार भाषण पनि ठोके । जनस्वास्थ्य कार्यालय मकवानपुर र हेटौंडा उपमहानगरको संयुक्त आयोजनामा भएको अभिमुखीकरणमा जनस्वास्थ्य कार्यालय प्रमुख, कर्मचारीसहित हेटौंडा उपमहानगर प्रमुख, वडाध्यक्षहरु, कार्यपालिका सदस्य एवम् कर्मचारीलाई स्वस्थ्य, सुरक्षित र दिगो सहर निर्माणका लागि आवश्यक कार्ययोजना तयार गर्ने विषयमा छलफल तथा अभिमुखीकरण गरियो । तर, अति विपन्न तथा बेवारिसे बिरामीका लागि नि:शुल्क सेवा दिनुपर्ने कानूनी ब्यवस्थालाई पूर्णतया वेवास्ता गर्ने स्वास्थ्य संस्था भएको सहलाई हामीले स्वस्थ्य सहर मानिदिनु पर्ने ? म्याद नाघेका औषधि छुट्याएर व्यवस्थापन नगर्ने, अनुमति पाएको भन्दा बढी शैया सञ्चालन गरेको असपताललाई हामीले गुणस्तरीय सेवा मानिदिनु पर्ने ? अनुगमनका क्रममा अस्पतालले १० प्रतिशत नि:शुल्क शैयाको व्यवस्था नगरेको, सामान्य वार्डमा पुरुष-महिला छुट्याएर सेवा नदिएको तथा पर्याप्त जनशक्तिको अभाव रहेको अनुगमनमा देखिएको छ । अस्पतालले तोकिएको भन्दा कम पारिश्रमिकमा कर्मचारी राखिएको अस्पताल परिसरमा अन्य व्यक्तिले फार्मेसी सञ्चालन गरिएको पाइएको छ । अस्पताललले आवश्यक मापदण्ड पूरा नगरेको भन्दै पहिलोचरणमा सचेत गराइएको छ ।

मकवानपुर पोलिक्लिनिकमा अनुमति लिँदा दिने भनिएका सेवा उपलब्ध नगराइएको, नागरिक बडापत्र राखिएको छैन । सिटी अस्पतालले फार्मेसिस्ट विना फार्मेसी सञ्चालन गरिएको भन्दै बन्द गर्न निर्देशन दिइएको छ । प्रदेशका सबै जिल्लामा स्वास्थ्यमैत्री वातावरण निर्माण गर्ने, स्वास्थ्यका अत्यावश्यक पूर्वाधार पुऱ्याउने, जिल्लाका नागरिकको स्वास्थ्य, सरसफाइ तथा जीवनस्तर अभिवृद्धि गर्ने, सहज स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने गरी एक जिल्ला एक स्वस्थ्य सहर निर्माण अभियान अगाडि बढाइएको छ । तर, स्वास्थ्यसेवा प्रदान गर्ने सम्बेदनशील संस्था नबीकरण नगरी संचालन गरिरहनुले प्रदेश सरकारलाई गिज्याइरहेको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले धुलिखेललाई एसियाको दोस्रो स्तर र नेपालको पहिलो स्वस्थ्य सहरकारुपमा घोषणा गरेको थियो । सन् २०१६ मा चिनको संघाईमा भएको स्वस्थ्य सहर सम्बन्धी मेयर सम्मेलन पश्चात दिगो विकासका लागि मेयरहरु नै वास्तविक परिर्वतन ल्याउने शक्ति हुन् भन्ने प्रतिवद्धतासहित स्वस्थ्य सहरको अवधारणा अगाडि आएको हो । प्रदेशमा करिव ७० प्रतिशत मानिस सहरमा बसोबास गर्दै आएका छन् भने पछिल्लो समय नसर्ने रोग पनि बढ्दै गएको छ ।

### महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

### भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत २७ गते शुक्रबार १० अप्रिल २०२६ । अष्टमी, बैशाख कृष्णपक्ष । चौलागा ११४६ ने.सं. । सूर्योदय ५:४७ सूर्यास्त ६:२५ ।

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोरञ्जन प्राप्त हुनेछ | **तुला** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **वृष** | : व्यापारबाट लाभ मिल्नेछ | **वृश्चिक** | : समयले साथ दिनेछ |
| **मिथुन** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **धनु** | : रमाइलोमा दिन बित्नेछ |
| **कर्कट** | : मानसिक असन्तुष्टि बढ्नेछ | **मकर** | : जोश जागर आउनेछ |
| **सिंह** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **कुम्भ** | : समयले साथ दिनेछ |
| **कन्या** | : काम अपुरै रहने देखिन्छ | **मीन** | : राम्रो समाचार सुन्न पाइनेछ |

# पुनर्संरचनाको ऐतिहासिक मोडमा विश्वविद्यालय



✍ डा. भरतसिंह थापा

> "सरकारले यसअघि राजनीतिक आधारमा भएका नियुक्तिहरूको कूटनीतिक पुनरावलोकन र प्रतिस्थापन गर्नुपर्छ । तर यो प्रक्रिया भावनात्मक वा प्रतिशोधात्मक होइनस रणनीतिक, इमानदारपूर्ण र संस्थागत हुनुपर्छ ।

नेपालको उच्च शिक्षा अहिले गम्भीर संक्रमणको चरणमा छ । विशेषत: त्रिभुवन विश्वविद्यालय जस्तो मुलुककै सबैभन्दा ठूलो र पुरानो विश्वविद्यालयले भोगिरहेको अवस्थाले समग्र उच्च शिक्षा प्रणालीको कमजोर आधार लाई उजागर गरेको छ । विश्वविद्यालयहरू ज्ञान उत्पादन र बौद्धिक नेतृत्वका केन्द्र हुनुपर्नेमा, राजनीतिक प्रभाव र स्वार्थ समूहद्वारा सञ्चालित संस्थाहरूको रूपमा पहिचान बनाइरहेका छन् ।

शिक्षाको गुणस्तर खस्कँदो छ, अनुसन्धानहरूको संख्या र गुणस्तर अत्यन्त दयनीय छ, अन्तर्राष्ट्रियकरण प्राय: शून्य छ, अनि विश्वविद्यालय र श्रमबजार बीच कुनै तालमेल छैन । प्रशासनिक निर्णयहरू प्रायस् शैक्षिक आधारमा होइन, राजनीतिक सन्तुलनका आधारमा लिइन्छन् । कुलपतिदेखि सहायक क्याम्पस प्रमुखसम्मका नियुक्तिहरूमा योग्यता, कार्यक्षमता र अनुभवभन्दा निष्ठा, चाकडी, पहुँच र राजनीतिक भागबन्डाको आधारमा हुने गर्छन् ।

अझै स्पष्ट भन्दा, मुलुकमा २०४८ सालयता विश्वविद्यालयहरूमा उपकुलपति एउटा दलको हुँदा शिक्षाध्यक्ष अर्को र रेक्टर तेस्रो दलको र विभिन्न संकायका डीनहरू दलहरूले सहमतिमा भागबन्डा गर्ने परिपाटी रहिआएको छ । त्यसैले बौद्धिक नेतृत्वको मुख्य कडी नै राजनीतिक सक्रियता र चाकडी भएको छ ।

विश्वविद्यालयहरूका सम्पूर्ण अंगहरू कतै नपुग्ने पुलजस्ता भइसकेका छन् । त्यसैले यो केवल सामान्य सुधारको मुद्दा होइन– विश्वविद्यालयहरू अब संस्थागत पुनर्गठनको तीव्र पर्खाइमा छन् ।

**राजनीतिक प्रभावको संस्थागत जरा**

नेपालका विश्वविद्यालयहरूमा राजनीतिक हस्तक्षेप सतहमा मात्र होइन, गहिरो संरचनामा गाडिएको छ ।

पहिलो, नेतृत्व तहमा राजनीतिक नियुक्तिको अभ्यासले विश्वविद्यालयको रणनीतिक दिशानिर्देशनलाई कमजोर बनाएको छ । छोटो अवधिको स्वार्थले दीर्घकालीन शैक्षिक लक्ष्यलाई ओझेलमा पारेको छ । पुरानो, कमजोर र अप्रासंगिक संरचना र नेतृत्वको अकर्मन्यता र अक्षमताले विश्वविद्यालयका प्रमुख अङ्गहरू जस्तै कार्यकारी परिषद्, विद्या परिषद्, फ्याकल्टी बोर्ड, योजना, सेवा आयोग, परीक्षा, अनुसन्धान केन्द्र, संकाय, स्कूल, अन्तर्राष्ट्रिय केन्द्र, विद्यार्थी कल्याण, विभाग, क्याम्पस लगायत समग्र प्रणाली नै जीर्ण अवस्थामा छन् ।

दोस्रो, प्राध्यापक संघ, कर्मचारी संघ र विद्यार्थी संगठनहरू राजनीतिक दलहरूसँग प्रत्यक्ष रूपमा आबद्ध हुँदा शैक्षिक र प्रशासनिक निर्णय प्रक्रियामा निरन्तर दबाब सिर्जना भएको देखिन्छ । प्राध्यापकहरूले कक्षाकोठामा र आफ्ना विद्यार्थीलाई दिएको समयभन्दा आफ्ना दलका नेताहरूको चाकडी र दल आबद्ध विद्यार्थीसँगको समयलाई कार्यसम्पादन मूल्यांकनको आधारको रूपमा हेरिन्छ । विद्यार्थी संगठनहरू शैक्षिक सुधारका वाहक नभई राजनीतिक दलहरूका विस्तारका साधनजस्ता देखिन्छन् ।

तेस्रो, स्रोतहरूको प्रभावकारी उपयोग हुनसकेको छैन । उपलब्ध बजेट, पूर्वाधार, प्रविधि र मानव स्रोतको समुचित परिचालन नहुँदा विश्वविद्यालयहरू प्रतिस्पर्धात्मक बन्न सकेका छैनन् । उत्तम कोटिका प्राध्यापकहरूले सेवा छोड्ने दर बढ्दो छ भने अब्बल र उच्च शैक्षिक योग्यता भएकाहरू विश्वविद्यालय सेवाप्रति आकर्षित नभएको विगतका सेवा आयोगका नतिजाहरूले स्पष्ट देखाएको छ ।

**परिवर्तनको अवसर : अहिले नै किन ?**

हालैको राजनीतिक परिवर्तनले यो संरचनालाई पुनर्विचार गर्ने ऐतिहासिक अवसर सिर्जना गरेको छ । विशेषत: राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले अघि सारेको सुशासन, पार दर्शिता र योग्यता आधारित नियुक्तिको एजेन्डाले जनस्तरमा ठूलो अपेक्षा सिर्जना गरेको छ । यो अपेक्षा आकस्मिक होइन । पछिल्लो समय युवाहरू- विशेषत: 'जेन-जी' ले राज्यका संयन्त्र र संर चनाहरूमा सुधारको माग गर्दै आएको सन्दर्भमा विश्वविद्यालयको रूपान्तरण एउटा केन्द्रीय मुद्दा बनेको छ ।

इतिहासले देखाउँछ, यस्ता संक्रमणकालीन क्षणहरू छोटो समयका लागि मात्र खुला हुन्छन् । यदि यसलाई प्रयोग गर्न सकिएन भने सुधारको एजेन्डा बिस्तारै कमजोर हुँदै जान्छ र जनताले दशकौंसम्म फेरि अर्को आन्दोलनको पर्खाइमा बस्नुपर्छ । जुन नेपालीले विगत ७५ वर्षदेखि भोग्दै आएका छन् । भर्खरै निर्माण भएको सरकार र यसले ल्याएका १०० दिने कार्ययोजना हेर्दा रूपान्तरणको आशा जागेको छ ।

**सुधार होइन, पुनर्संरचना : अबको स्पष्ट बाटो**

अहिलेको सन्दर्भमा विश्वविद्यालयको क्रमिक सुधार पर्याप्त छैन । एक स्पष्ट, र णनीतिक, विवेकशील र साहसिक 'पुनर्संरचना'को आवश्यकता छ । यसको पहिलो कदम हुन सक्छस् राजनीतिक आधारमा भएका नियुक्तिहरूको कूटनीतिक पुनरावलोकन र प्रतिस्थापन । तर यो प्रक्रिया भावनात्मक वा प्रतिशोधात्मक होइनस रणनीतिक, इमानदारपूर्ण र संस्थागत हुनुपर्छ । यसलाई व्यवस्थित ढंगले अघि बढाउन निम्न चरणहरू अपनाउन सकिन्छस्

१. स्वेच्छिक राजीनामा आह्वान : वर्तमान पदाधिकारीहरूलाई सम्मानजनक ढंगले पदत्यागको अवसर प्रदान गर्दै संक्रमणकालीन वातावरण सिर्जना गर्ने ।
२. स्वतन्त्र मूल्यांकन प्रणाली : एक निष्पक्ष संयन्त्र मार्फत योग्यता, कार्यसम्पादन र योगदानको आधारमा पदाधिकारीहरूको समीक्षा गर्ने ।
३. गरिमापूर्ण बहिर्गमन : संस्थागत सम्मान कायम राख्दै पद परिवर्तन सुनिश्चित गर्ने ।

यसलाई 'शुद्धीकरण' वा 'प्रतिशोध'का रूपमा होइन, 'संस्थागत पुनर्सन्तुलन'का रूपमा प्रस्तुत गर्न आवश्यक छ । यसले प्रतिरोध कम गर्ने मात्र होइन, सुधारप्रति स्वामित्व पनि बढाउँछ ।

यसका लागि एक स्वतन्त्र र सशक्त 'अन्तरिम विश्वविद्यालय सुशासन आयोग' गठन गरिनुपर्छ, जसले हालका नियुक्तिहरूको तथ्यपरक मूल्यांकन गर्नेस नयाँ नियुक्तिका स्पष्ट, मापनयोग्य मापदण्ड निर्धारण गर्नेस खुला, प्रतिस्पर्धात्मक र पारदर्शी चयन प्रक्रिया सञ्चालन गर्ने, विश्वविद्यालयहरूको संरचनागत पुनरावलोकन गर्दै दीर्घकालीन सुधार रोडम्याप तयार गर्ने कार्यहरू गर्न सक्छ । यस प्रकारको पुनर्स्थापित संरचनाले मात्र दशकौंदेखि जमेको संस्थागत जडतालाई तोड्न सक्छ ।

विश्वका विभिन्न मुलुकले राजनीतिक परिवर्तनपछि उच्च शिक्षा प्रणालीमा गहिरा सुधार गरेका छन् । नेपाल सरकारले यी घटनाक्रमबाट सिक्न सक्छ । जस्तो अरब स्पिरिङको विद्रोहपछि इजिप्ट, ट्युनिसिया र लिबियामास रंगभेद अन्त्यपछि दक्षिण अफ्रिकामा विश्वविद्यालयहरूको संरचना नै परिवर्तन भयो, जसले समानता र गुणस्तर दुवैलाई सन्तुलनमा ल्यायो ।

त्यस्तै, इन्डोनेसियाले अधिनायकवादी शासनपछि विश्वविद्यालयहरूलाई स्वायत्तता दिँदै राजनीतिक हस्तक्षेप घटायो । प्रशासनिक र वित्तीय स्वतन्त्रताले विश्वविद्यालयहरूलाई प्रतिस्पर्धी बनायो । यसैगरी, १९९० को दशकमा पूर्वी युरोपका पोल्यान्ड र चेक रिपब्लिक जस्ता मुलुकहरूले सत्तामा व्यापक परिवर्तनपछि विश्वविद्यालयहरूलाई स्वायत्तता दिँदै राजनीतिक नियुक्तिहरूलाई प्रतिस्थापन गरी योग्यतामा आधारित प्रणाली स्थापना गरे । अझै रोज क्रान्ति ९सन् २००३० पछिको जर्जियाले भ्रष्ट, असान्दर्भिक र अयोग्य संरचनालाई हटाउँदै छोटो समयमै शैक्षिक विश्वास पुनस्स्थापित गरियो । यी उदाहरणले देखाउँछन्, साहसिक निर्णय विना आमूल परिवर्तन सम्भव हुँदैन ।

**योग्यता आधारित प्रणाली : नयाँ संरचनाको खाका**

पुनर्संरचनापछि के रु यही प्रश्नले सुधारको वास्तविक दिशा निर्धारण गर्छ ।

पहिलो, विश्वविद्यालय नेतृत्वका लागि खुला, प्रतिस्पर्धात्मक र पारदर्शी आवेदन प्रणाली अनिवार्य हुनुपर्छ । आवेदन केवल राष्ट्रिय सीमामा सीमित नभई अन्तर्राष्ट्रियस्तरमा खुला गरिनुपर्छ, जसले विश्वस्तरीय प्रतिभालाई आकर्षित गर्न सक्छ ।

दोस्रो, नियुक्तिहरू स्पष्ट र मापनयोग्य मापदण्डमा आधारित हुनुपर्छ । उदाहरणका लागिस्

१. शैक्षिक उपलब्धि र अनुसन्धान योगदानस २. संस्थागत नेतृत्व क्षमता, ३. अन्तर ाष्ट्रिय एक्सपोजर, ४. इमानदारी, नैतिकता र दूरदृष्टि ।

यी मापदण्डहरू केवल कागजी प्रक्रिया होइन- वस्तुगत प्रणालीमा आधारित हुनुपर्छ, जसले पारदर्शिता र विश्वास बढाउँछ ।

तेस्रो, कार्य सम्पादनमा आधारित सम्झौता लागू गरिनुपर्छ । कुलपति, शिक्षाध्यक्ष, रेक्टर, निर्देशक, डीन, क्याम्पस प्रमुख लगायत पदाधिकारीहरूको कार्यकाल केवल पद र समयको आधारमा होइन- स्पष्ट परिणामसँग जोडिनुपर्छ, जस्तै- अनुसन्धान प्रकाशन र परियोजनाको संख्या, अन्तर्राष्ट्रिय सहकार्य र साझेदारी, विद्यार्थी रोजगारदर र शैक्षिक गुणस्तर तथा संस्थागत सुधारका ठोस उपलब्धिहरू । यसले पदलाई 'सत्ता'बाट 'जिम्मेवारी'मा रूपान्तरण गर्छ ।

यस सन्दर्भमा फिनल्यान्ड र सिंगापुर जस्ता मुलुकहरूले विश्वविद्यालयलाई राजनीतिक प्रभावबाट मुक्त राख्दै उच्च गुणस्तर कायम गरेका उदाहरण छन् । फिनल्यान्डले विश्व विद्यालयलाई स्वायत्तता दिँदै बोर्ड-आधारित शासन प्रणाली मार्फत पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गरेको छ भने सिंगापुरले कडा मापदण्ड सहित विश्वस्तरीय नेतृत्व छनोट र कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली लागू गरेको छ ।

यी दुवै मोडलले देखाउँछन् कि राज्यको भूमिका रणनीतिक हुनुपर्छ, प्रत्यक्ष हस्तक्षेपकारी होइन । नेपालले पनि यिनै अनुभवबाट सिक्दै योग्यता, परिणाम र उत्तर दायित्वमा आधारित प्रणाली विकास गर्न सकेमा विश्वविद्यालयहरूको गुणस्तर र विश्वसनीयता उल्लेखनीय रूपमा सुधार हुन सक्छ ।

**सम्भावित प्रतिरोध**

यस्ता सुधारहरू सहज हुँदैनन् । दशकौंदेखि जरा गाडेर बसेका स्वार्थ समूहहरू जस्तो प्राध्यापक तथा कर्मचारी संघ र विद्यार्थी संगठनबाट प्रतिरोध आउन सक्छ ।

दक्षिण कोरियामा पनि यस्तै अवस्था देखिएको थियो, जहाँ विश्वविद्यालय सुशासन र नयाँ शिक्षा नीतिका विरुद्ध व्यापक विरोध भए । प्रारम्भिक चरणमा तीव्र असहमति भए पनि सरकारले स्पष्ट नीति, सफा नियत, चरणबद्ध कार्यान्वयन र निरन्तर संवादको माध्यमबाट सुधारलाई अघि बढायो । समयसँगै ती सुधारहरू संस्थागत हुँदै गए र विश्वविद्यालयहरूको गुणस्तर तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता उल्लेखनीय रूपमा बढ्यो ।

राष्ट्रिय स्वतन्त्र पार्टीलाई जनताले दिएको स्पष्ट म्यान्डेट यस्तै आमूल परिवर्तनका लागि हो । यसको लागि सरकारले निर्मम तर विवेकपूर्वक कदम चाल्नुपर्दछ ।

अन्त्यमा, नेपालको उच्च शिक्षा प्रणाली आज केवल शैक्षिक मुद्दा होइन- यो देशको भविष्यसँग जोडिएको प्रश्न हो । विश्वविद्यालयहरू कमजोर रहिरहने हो भने, समग्र राष्ट्रको बौद्धिक क्षमता कमजोर भई बेरोजगारी, विदेश पलायन र आन्तरिक द्वन्द्वको बीजारोपण हुन्छ ।

आजको पुस्ताले राज्यसँग एउटा स्पष्ट अपेक्षा राखेको छ- विश्वविद्यालयहरूमा नेतृत्व छनोटमा आफ्नो मान्छे होइन, क्षमतावानस पहुँच होइन, योग्यतास चाकडी होइन विद्वत्ता हेर्नुपर्दछ । वर्तमान सरकारले यो ऐतिहासिक अवसरलाई सदुपयोग गर्न सकेन भने, नेपाली जनताको भरोसामा तुषारापात हुनेछ र पुनर्संरचनाको ढोका फेरि लामो समयका लागि बन्द हुनेछ । त्यसैले, आजको आवश्यकता स्पष्ट छस् विश्वविद्यालयहरूलाई राजनैतिक दलहरूको दुश्चक्रबाट बाहिर ल्याई राजनीतिक प्रशिक्षण केन्द्रबाट ज्ञान उत्पादन केन्द्रमा रूपान्तरण गर्ने साहसिक निर्णय नै आजको सच्चा नेतृत्वको परीक्षण हो ।

*(साभार: अनलाइनखबर)*

# जनताको नयाँ जनादेश र राजनीतिक निकास



✍ चन्द्र काफ्ले

जनताको नयाँ जनादेश उत्साहजनक छ । यसपटक जनताले पुराना पार्टीहरुबाट मुलुकभित्र सृजना गरेका विभिन्न विकृति, विसंगति, भ्रष्टाचारसमेतका गतिविधिलाई गम्भीर रुपमा लिए । अब पुराना नेताहरुबाट मुलुकका तमाम समस्याहरु समाधान हुन सक्दैन भन्ने निष्कर्षमा उनीहरु पुगे । तयसैले नयाँ पार्टी एवं नेताप्रति आशा र भरोसा राखेर जनताले मतदान गरे । झन्डै दुई तिहाइ मत नयाँ पार्टी अर्थात् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्राप्त गरेको छ । अब जनताको आशा र भरोसाअनुसार रास्वपा सरकारले मुलुकका तमाम समस्याहरुको समाधान गर्न नेपालको भूराजनीतिक अवस्थालाई बुझेर अघि बढ्नेछ भन्ने विश्वास लिइएको छ ।

मलाई लाग्छ, जनताको वर्तमान जनादेश स्वाभाविक छ, किनभने यो मुलुकले धेरै लामो समयदेखि सरकारले स्थायित्व प्राप्त गर्न सकेन । सरकारमा बस्ने र प्रतिपक्षमा बस्ने सबै नेता, पार्टीहरु कुर्सीको खेलमा मात्र लागिरहे । कसरी सरकारलाई गिराउने र आफू मात्र सत्तामा पुग्ने कुरामा प्रतिपक्ष अहोरात्र लागिरह्यो । तत्कालीन सत्तासीन पार्टी साम, दाम, दण्ड, भेद जसरी पनि सत्तामा टिकिरहने कुरामा नै लागिरह्यो । जसको परिणामस्वरुप न सरकारले स्थायित्व प्राप्त गऱ्यो, न जनताको समस्याको समाधान गऱ्यो । यस्ता विविध कारणले जनता अब बलियो, स्थिर सरकार हुनुपर्छ भन्ने कुराको निष्कर्षमा पुगे । र, नयाँ पार्टीले केही गर्न सक्छ भन्ने विश्वासको साथ स्थिर र बलियो सरकार होस् भन्ने पक्षमा जनताले मतदान गरे, फलस्वरुप रास्वपाले झन्डै दुई तिहाइ सिट ल्यायो । यस अर्थमा यो जनादेश स्वाभाविक छ ।

जनता सार्वभौमसत्ता सम्पन्न भएकोले उनीहरुले एकपटक चुनावमा मत दिएपछि करिब पाँच वर्षसम्म आफूले चुनेर पठाएको प्रतिनिधि एवं सरकारले बाचा गरेको काम कुन हदसम्म सम्पन्न गऱ्यो अनि राष्ट्रको सार्वभौमसत्ता, राष्ट्रियता र स्वतन्त्रताको संवर्द्धन गर्नमा कति काम गऱ्यो ? त्यो हेरिरहेको हुन्छ । मुलुकको विकराल रुप लिएको बेरोजगारी समस्या समाधानमा कति सक्रिय रह्यो भन्नेजस्ता जनताका जल्दाबल्दा समस्या समाधान गर्न सर कारले कति योगदान गऱ्यो ? यस्ता कुराको जनताले निगरानी गरिरहेका हुन्छन् । यसपटक पनि जनताले यो सरकारबाट आफ्ना जल्दाबल्दा समस्याहरु समयमै समाधान होस् भन्ने खोजिरहेका छन् ।

जनता यति बेला पनि पर्ख र हेरको अवस्थामा रहेको देखिन्छ । यसपालिको चुनावमा विगत ५ वर्षभित्रका सरकारले विभिन्न समस्याको समाधान गर्न योगदान दिन नसकेको निष्कर्षमा जनता पुगे । हामी केही गर्छौं, मुलुकको समस्या समाधान गर्छौं भन्ने नयाँ प्रतिनिधि र पार्टीप्रति ठूलो आशा र भरोसाका साथ जनताले मतदान गरी आफ्नो सार्वभौमसत्ताको प्रयोग गरे । बालेन साहको नेतृत्वको सरकारले केही गर्छ भन्ने जनतामा आशा र भरोसा रहेको छ ।

अब ५ वर्षसम्म यो सरकारले घोषणा गरेका कार्यक्रमअनुसार काम गर्छ कि गर्दैन भनेर जनताले मूल्याङ्कन गर्नेछन् र आगामी चुनावमा सोही अनुसार फैसला गर्छन् ।

बालेन सरकारले सर्वप्रथम नेपालको भूराजनीतिक अवस्थालाई गम्भीर भएर गहिरोसँग अध्ययन गर्नुपर्छ । मुलुकको राष्ट्रियता, स्वतन्त्रता र सार्वभौमसत्तामा कहीँ-कतैबाट आँच आउन सक्ने अवस्थालाई रोक्नुपर्छ । प्रजातन्त्रका मूल्य-मान्यतालाई प्रवर्द्धन गर्दै जानुपर्छ । साथै मुलुकभित्रको शक्ति सन्तुलन र राष्ट्रिय शक्तिहरुका बीचमा एकता कायम गर्नुपर्छ । भूराजनीतिलाई विचार गरेर छिमेकीसहित सम्पूर्ण मित्र राष्ट्रहरुसँग सुमधुर सम्बन्ध बनाउँदै मुलुकको आर्थिक विकास, बेरोजगारी समस्याको समाधानतर्फ बालेन सरबार सक्रिय हुनुपर्छ । यो सरकार सम्पूर्ण नेपाली जनताको सरकार भएको हुनाले सबै पार्टी एवं विभिन्न तहर तप्काका जनसमुदायलाई समेत विश्वासमा लिएर काम गर्नुपर्छ । यसो भयो भने मुलुकको आर्थिक, सामाजिक विकासले गति लिन सक्छ । र, राष्ट्रिय समस्याहरुको समाधान पनि हुँदै जानेछ ।

अब मुलुकले कुन मोड लेला भनेर अहिल्यै भविष्यवाणी गर्न सकिँदैन तर जनताले जुन आशा र भरोसाका साथ मतदान गरेका छन र विजयी गराएका छन्, ती जनप्रतिनिधिहरुले मुलुक र जनताको हितमा पुराना सरकारका गल्ती नदोहोऱ्याई काम गरेमा मुलुकले काँचुली फेर्न सक्छ । हाल जनताले यो सरकारप्रति ठूलो आशा र भरोसा गरेका छन् तापनि अहिले नै मूल्याङ्कन नगरी केही दिन अर्थात् कम्तीमा सय दिनसम्म हेरेर फर्कनुपर्छ । त्यसपछि मात्र 'हुने बिरुवाको चिल्लो पात, नहुने बिरुवाको फुस्रो पात' भन्ने उक्तिलाई मध्यनजर राखेर जनताले मूल्याङ्कन गर्नेछन् ।

यसपटकको निर्वाचनमा पूरै जेनजीहरुले रास्वपालाई मत दिए भन्ने कुरामा केही सत्यता छ । तर जेनजीहरुको बीचमा पनि मत बाझिएको कुरा सार्वजनिक रुपमै आएको हुनाले सबै मत रास्वपालाई पऱ्यो भन्ने लाग्दैन । तर जनेजीहरुसहित बहुमत जनताको मतचाहिँ निश्चितरुपमा रास्वपालाई परेकोले नै बढी सिट जित्न सफल भएको हो । मेरो विचारमा पुराना पार्टीहरुले समेत मुलुकको राष्ट्रिय राजनीतिमा केही हदसम्म महत्वपूर्ण भूमिका खेलेका थिए । ती पार्टीहरुले विगत चुनावमा जनतालाई दिएका बाचा पूरा नगर्दा र मुलकभित्र राजनीतिक, आर्थिक, सामाजिक विकृतिहरुको समाधान गर्न नसक्दा ती पार्टीहरुप्रति जनताको भरोसा टुटेको हो ।

अब यी पुराना पार्टीहरुले संसदीय प्रजातन्त्र, मुलुकको भूराजनीति, मुलुकको अस्मिता, राष्ट्रिय शक्तिहरुबीचको एकताका पक्षमा अनि मुलुकको भ्रष्टाचार, बेरोजगारीलगायत जल्दाबल्दा समस्याको समाधानका पक्षमा नयाँ सरकारलाई खबरदारी गर्ने र रचनात्मक सहयोग गरी अघि बढ्ने हो भने जनताले फेरि उनीहरुलाई विश्वास गर्न सक्छन् । हालको अवस्थामा यो सरकारलाई प्रतिपक्षले समेत सहयोग गरेमा मात्र उनीहरुको लागि मुलुक र जनताले दिएको अभिमतको कदर गरेको ठहर्छ । राम्रो कुरामा प्रतिपक्षसँग वर्तमान सरकारले पनि आवश्यक सहयोग लिएर अघि बढे त्यो पनि राम्रै हुनेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# विद्यार्थी भर्ना: कुन-कुन शीर्षकमा लिन पाइन्छ शुल्क ?

काठमाडौं/'शैक्षिक सत्र २०८३ सुरु भएको छैन तर विद्यालयबाट छोराको वार्षिक शुल्कको बिल आइसक्यो । अहिले नै पैसा तिर्नु पर्ने हो र ?,' काठमाडौंको निजी विद्यालयमा छोरा-छोरी पढाइरहेका एक अभिभावकले गुनासो गरे । त्यसो त यो समस्या एक जनाको मात्र होइन, धेरैजसो अभिभावकका घरमा विद्यालयबाट वार्षिक शुल्कको बिल पुगेको छ । यसलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गैरकानुनी रूपमा संकलन गरिएको शुल्क भनेको छ ।



सरकारले २०८३ को शैक्षिक सत्र आगामी वैशाख १५ बाट सुरु गर्ने निर्णय गरेको छ । तर, शैक्षिक सत्र अगावै विद्यार्थी भर्ना र अभिभावकको हातमा शुल्कको बिल पुगेपछि मन्त्रालयले कारबाहीको चेतावनी दिएको छ ।

'शैक्षिक सत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुली गर्ने गरेका सप्रमाण तथ्यहरू बाहिरिएका सम्बन्धमा यस मन्त्रालयको गम्भीर ध्यानकर्षण भएको छ,' शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'विद्यालय सञ्चालन जस्तो गरिमामय र जिम्मेवार प्रणालीमा यस्ता गैरकानुनी कार्यहरू अशोभनीय हुने मात्र नभई दण्डनीयसमेत हुनेतर्फ विद्यालयहरू स्वयं सजग हुनुपर्ने मानिन्छ ।'

सर्वोच्च अदालतको आदेशविपरीत शुल्क नलिन पनि मन्त्रालयले भनेको छ । सर्वोच्च अदालतले नयाँ शैक्षिक सत्र प्रारम्भ भएपछि मात्र विद्यार्थी भर्ना गर्न गराउन आदेश दिएको थियो । 'अभिभावकहरूबाट कानुनविपरीत ढङ्गले असुल गरिएको भर्ना शुल्क सम्बन्धितलाई फिर्ता गराउने कानुनी प्रक्रिया अगाडि बढाउन सम्बन्धित सबै स्थानीय तहहरूलाई अनुरोध गरिन्छ,' शिक्षा मन्त्रालयले भनेको छ, 'तोकिएको समय भित्र शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन, २०२८ लगायतका अन्य प्रचलित कानुनबमोजिम कारबाही हुनसक्नेतर्फ समेत सचेत गराइन्छ ।'

सरकारले गत २२ चैतमा पहिलो पटक सचेत गराएको थियो । तर, मन्त्रालयमा बारम्बार गुनासो आएपछि चैत २५ मा फेरि अर्को विज्ञप्ति निकालेर तत्काल रकम फिर्ता गर्न भनेको छ । मन्त्रालयले कुनै पनि विद्यालयले निर्देशनभन्दा अन्यथा गरेको पाइएमा सोही ऐनको प्रावधान तथा अन्य प्रचलित कानुनबमोजिम थप कारबाही प्रक्रिया अगाडि बढाउनुपर्ने अवस्थामा गृह मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू र स्थानीय निकायलाई सहजीकरण गर्न भनेको छ ।

**नियमविपरीत भर्ना र शुल्क लिएका छैनौं : निजी विद्यालय**

निजी विद्यालय सञ्चालहकहरू १ वैशाखबाट शैक्षिक सत्र सुरु हुने भएकाले त्यहीअनुसार काम गरिएको तर १५ वैशाखबाट शैक्षिक सत्र सुरु हुने भनेपछि भर्ना र शुल्क लिन रोकिएको बताउँछन् ।

गत २२ चैतमा बसेको मन्त्रिपरिषद् बैठकले १५ वैशाखबाट शैक्षिक सत्र सञ्चालन गर्ने निर्णय गरेको थियो । ढिला गरी शैक्षिक सत्र सञ्चालन गर्दा केही पठनपाठन प्रभावित हुने जोखिम विद्यालय सञ्चालकहरूको छ ।

'१४ वैशाखसम्म विद्यार्थी भर्ना र शिक्षक तालिम, अभिभावक भेटघाट राख्न पाएको भए राम्रो हुने थियो,' प्याब्सनका अध्यक्ष कृष्ण अधिकारीले भने, 'भर्ना र कक्षा १५ गतेबाट एकैसाथ गर्दा केही प्रभावित हुन सक्छ ।' सरकारको निर्णय विपरीत विद्यार्थी भर्ना नगरिएको दाबी उनले गरे ।

एनप्याबसन अध्यक्ष सुवास न्यौपाने यसअघि चैत १ बाट भर्ना हुने गरेको तर अहिले सरकारको निर्णय आएपछि रोकिएको बताउँछन् । 'शिक्षा नियमावली अनुसार १ वैशाखबाट भर्ना र शैक्षिक सत्र सुरु हुने भनिएको छ । शैक्षिक सत्र सुरु भएको १ महिना भर्ना गर्ने भनिएको छ । तर चैत १ देखि भर्ना गर्ने चलन थियो,' उनले भने, 'सरकारको सूचना आएपछि सबै रोकिएको छ ।'

शैक्षिक सत्र अगावै लिइएको शुल्क फिर्ता नगरे कारबाही गर्ने चेतावनी सरकारले दिएको छ । 'तोकिएको समय भित्र शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन, २०२८ लगायतका अन्य प्रचलित कानुनबमोजिम कारबाही हुनसक्नेतर्फ समेत सचेत गराइन्छ,' शिक्षा मन्त्रालयले भनेको छ । नियमअनुसार काम नगरेमा २५ हजारसम्म जरिबाना र विद्यालयको अनुमतिपत्र रद्द गर्नेसम्म दण्डको व्यवस्था गरिएको छ ।

**हेल्प डेस्क**

विद्यार्थीको शुल्कसम्बन्धी सिकायत एवं गुनासोको रिपोर्टिङ तथा सहजीकरण प्रयोजनका लागि शिक्षा मन्त्रालयले हेल्प डेस्क स्थापना गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा सहायता कक्ष (हेल्प डेस्क) स्थापना गरिएको मन्त्रालयले जनाएको छ ।

कसैको सिकायत वा गुनासो भएमा सोही कक्षमा फोन गरी थप साथै, विद्यार्थीको शुल्क सम्बन्धी सिकायत एवं गुनासोको रिपोर्टिङ तथा सहजीकरण सहायता प्राप्त गर्न सकिने र सो कक्षाको सम्पर्क व्यक्ति केन्द्रका निर्देशक निमप्रकाश सिंह राठौरलाई सम्पर्क गर्न मन्त्रालयले भनेको छ ।

**कुन-कुन शीर्षकमा लिन पाइन्छ शुल्क ?**

शुल्क निर्धारण मापदण्डमा १४ वटा शीर्षकमा शुल्क लिन पाइने व्यवस्था छ । मासिक पढाइ शुल्क, वर्षिक शुल्क, भर्ना शुल्क, धरौटी शुल्क, परीक्षा शुल्क, कम्प्युटर शुल्क, स्थानान्तरण शुल्क, विशेष प्रशिक्षण शुल्क, आवास शुल्क, भोजन शुल्क, परिवहन शुल्क, शैक्षिक भ्रमण, अन्तर विद्यालय प्रतियोगिता सञ्चालन र शैक्षिक सामग्री शुल्क लिन पाइने व्यवस्था छ ।

मासिक पढाइ शुल्क १२ महिनाको लिन सकिने मापदण्डमा उल्लेख छ । भर्ना शुल्क भर्ना हुँदा एक पटक मात्र जुन कक्षामा भर्ना हुने हो सोही कक्षाको मासिक शुल्कको १ महिनाको शुल्क बराबर लिन पाइने व्यवस्था छ । त्यसैगरी, वार्षिक शुल्क २ महिनाको स्वीकृत मासिक शुल्क बराबरको रकम कम गरिएको छ ।

परीक्षा शुल्क प्रत्येक कक्षाको लागि स्वीकृत मासिक पढाइ शुल्कको प्रतिशतमा नबढाई वार्षिक वा किस्तामा लिनुपर्ने व्यवस्था छ । र, परीक्षाको मापदण्डमा सञ्चालित सम्पूर्ण खर्च र स्थानान्तरण प्रमाण पत्र छपाइ वापतको खर्च यसै भित्र समेट्नु पर्ने भनिएको छ ।

शैक्षिक सामग्री शुल्क शैक्षिक सामग्री वापत मासिक पढाइ शुल्कको १० प्रतिशत मात्र वर्षमा एक पटक लिन पाइने छ । यस शीर्षकमा उठाइएको रकमको ७० प्रतिशत सोही कक्षाको लागि आवश्यक शैक्षिक सामग्रीमा खर्च गर्नु पर्नेछ । बाँकी ३० प्रतिशत र कमको कूल विद्यार्थीको कूल योग अङ्कको हुन आउने रकम स्थायी प्रकृतिको शैक्षिक सामग्रीमा खर्च गर्नु पर्नेछ ।

रजिस्ट्रेसन तथा एसईई आवेदन शुल्क सरकारले तोकेभन्दा बढी लिन पाइने छैन । जिल्लास्तरीय परीक्षा शुल्क उक्त परीक्षा समितिले निर्धारण गरेभन्दा बढी लिन नपाइने भनिएको छ । स्थानान्तरण प्रमाणपत्र लिई आउने विद्यार्थीलाई प्रवेश परीक्षा वापत बढीमा १०० रुपैयाँ र फाराम शुल्कवापत २५ रुपैयाँसम्म शुल्क लिन सकिने छ । आवास व्यवस्थापनको शुल्क निर्धारण गर्दा आवासीय विद्यार्थीहरूको अभिभावक र विद्यालयबीच भएको सहमतिअनुसार हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# अवैध क्रसर बन्द गराउन ध्यानाकर्षण



साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/चुरे तथा वनजंगलक्षेत्रमा पछिल्लो समय बढ्दो अतिक्रमण हटाउन माग गरिएको छ । चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले चुरे वनजंगलक्षेत्रभित्र रहेका पुरानो र नयाँ अतिक्रमण हटाउनुपर्ने तथा अवैध क्रसर उद्योग बन्द गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको हो ।


अभियानले बागमती प्रदेशको मुख्यमन्त्रीको कार्यालयमार्फत् पठाइएको ध्यानाकर्षणपत्रमा वन तथा वातावरण मन्त्रालयमातहत रहेका राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति र चुरे उत्थानशील आयोजनाले हालसम्म गरेका कार्यको छानबीन गर्नुपर्ने माग गरिएको छ । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई बुझाइएको ध्यानाकर्षणपत्रमा वातावरणीय क्षतिपूर्ति असुलउपर गर्ने व्यवस्था र चुरेभावर क्षेत्रलाई संरक्षण क्षेत्रका रुपमा घोषणा गर्नुपर्ने माग गरिएको छ ।

अभियानका बागमती प्रदेश सहसंयोजक बुद्धिनाथ उप्रेतीले नयाँ राजनीतिक परिवेशसँगै जनतामा आशा जागेको भन्दै आफूहरुले उठाउँदै आएका माग तथा मुद्दामा नेपाल सरकारलाई कडा कदम चाल्न आग्रह गरिएको बताए । ढुंगा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्डमा डिभिजन वन कार्यालय तथा मध्यवर्ती क्षेत्रका हकमा सम्बन्धित क्षेत्रबाट नियमानुसार सञ्चालन गर्नुपर्ने भन्ने प्रावधान थप गर्न ध्यानाकर्षणपत्रमार्फत् सुझाइएको छ ।

देशका सम्पूर्ण नदी नालालाई प्रदूषण एवं अतिक्रमणमुक्त गरी प्रदूषण नियन्त्रण बोर्ड गठन गर्नुपर्ने माग गरिएको छ । तराई मधेशमा बर्सेनि हुने पानीको संकटलाई दृष्टिगत गर्दै चुरेक्षेत्रबाट बग्ने नदीमा चेक ड्याम निर्माणर भित्री मधेशमा हरित कोरिडोर निर्माण गर्नुपर्ने पनि ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ ।

# अल्लू अर्जुनको नयाँ फिल्म 'राका', फर्स्टलुकमा यस्तो देखिए

काठमाडौं/'पुष्पा'का दुई श्रृंखलाको सफलतापछि अभिनेता अल्लू अर्जुन अब 'जवान' निर्देशक एटलीको नयाँ फिल्ममा देखिँदैछन् । उनीहरूले सहकार्य गर्ने तय भएपछि फिल्मको अस्थायी नाम 'एए ट्वान्टी सिक्स-ए सिक्स' राखिएको थियो । अब भने फिल्मले स्थायी नाम पाएको छ । बुधबार निर्माण टिमले एक पोस्टर सार्वजनिक गर्दै फिल्मको नाम 'राका' रहने जानकारी दिएको हो ।



अल्लूको ४४औं जन्म दिनको अवसर पारेर सार्वजनिक गरिएको पोस्टरमा उनी फरक र डरलाग्दो लुक्समा देखिएका छन् । जंगली भालुको जस्तो देखिने लामो नङ र रौँले ढाकिएको पञ्जाले उनले आफ्नो आधा अनुहार छोपेका छन् । टाउकोमा उनको कपाल पनि आधा मात्र देखिन्छ । उनको यो लुक्सले पात्रलाई रहस्यमय, आक्रामक र प्रभावशाली बनाएको छ ।

'राका'मा अल्लू अर्जुनको जोडी दीपिका पादुकोणसँग बाँधिनेछ । उनीहरूले पहिलो पटक फिल्ममा सहकार्य गर्न लागेका हुन् । रश्मिका मन्दना, मृणाल ठाकुर, जान्हवी कपूर, राम्या कृष्णन र योगी बाबुको पनि अभिनय रहने बताइएको यस फिल्मको निर्माण लागत भारु ४ सय करोड अनुमान गरिएको छ । निर्माताले फिल्मको भिएफएक्सका लागि सबैभन्दा ठूलो बजेट छुट्याएका छन् ।

एटलीले 'राका'लाई फिल्म मात्र नभइ आफ्नो सपना भनेका छन् । 'यो प्रोजेक्ट मेरो दिलसँग एकदमै नजिक छ । 'राका'को विचार मसँग करिब १८ वर्षदेखि जोडिएको छ । यो केवल फिल्म मात्र होइन, एउटा सपना हो,' उनले हालै एक अन्तर्वार्तामा भनेका छन् । 'राका' भारतीय फिल्मलाई अन्तर्राष्ट्रिय मञ्चमा नयाँ पहिचान दिलाउने दिशामा ठूलो कदम सावित हुने उनको विश्वास छ ।

# ४०० प्राध्यापकले गरेको अध्ययन बिदा दुरुपयोग: १९ जनाले गरे ६ करोड फिर्ता

काठमाडौं/त्रिभुवन विश्वविद्यालयमा अध्ययन बिदाको दुरुपयोग गर्ने १९ जना प्राध्यापकले रकम फिर्ता गरेका छन् । प्राध्यापकहरू अध्ययन बिदामा विदेश जाने र उतै लुक्ने गरेको तथ्य संचार कर्मीमा २०८१ मंसिरमा प्रकाशित भएपछि त्रिविले २०८१ पुसमा त्रिविले छानबिन समिति बनाएको थियो ।

समितिले ६ महिना त्रिविका सबै निकायमा पुगेर खोजबिन गर्दा ४०० जना प्राध्यापकले दुरुपयोग गरेको भेटिएको थियो । तीमध्ये हालसम्म १९ जनाले मात्र रकम फिर्ता गरेका छन् । 'रकम फिर्ता गर्न ४५ जनाको निवेदन आएको छ । १९ जनाले फिर्ता गर्नुभएको छ,' छानबिन समितिका संयोजक डा. जीवन काफ्लेले भने ।

अध्ययन बिदामा गएर नफर्किएपछि १० प्रतिशत ब्याज सहित आफूले खाएको सबै रकम फिर्ता गर्नुपर्ने हुन्छ । धेरैजसो प्राध्यापकको खाएको तलबभन्दा ब्याज बढी भएपछि फिर्ता गर्न आनाकानी गरिरहेका छन् । यसमा के गर्ने भनेर त्रिवि पदाधिकारीले छलफल गरिरहेका छन् ।

**कहिले सार्वजनिक हुन्छ छानबिन प्रतिवेदन ?**

छानबिन समितिका संयोजक काफ्लेकै संयोजकत्वमा नफर्किएका प्राध्यापकसँग सहजीकरण गरी रकम फिर्ता ल्याउन हेल्प डेस्क बनाइएको छ । यो समितिलाई असार सम्मको समय दिइएको छ । 'असार सम्म कतिले बुझाए, कतिले बुझाएनन् भनेर पूर्ण रिपोर्ट पेस गर्छौं,' उनले भने । यसअघि उनकै नेतृत्वमा बनेको छानबिन समितिको प्रतिवेदन २०८२ जेठमा त्रिविको पदाधिकारीलाई बुझाइएको छ । तर उक्त प्रतिवेदन सार्वजनिक भएको छैन । 'अझै भेरिफाइ गर्ने काम गरिरहेका छौं । संख्या थपिँदै छ,' त्रिविका रजिस्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले भने ।

त्रिविले अध्ययन बिदाको दुरुपयोग गर्ने शिक्षक कर्मचारीबाट उठ्ने रकम निवृत्तिभरण कोष वृद्धिमा राख्ने निर्णय गरेको छ । आर्थिक वर्ष २०८२/८३ को बजेटमा त्रिविले उक्त रकम निवृत्तिभरण कोष वृद्धिमा राख्ने उल्लेख गरेको थियो । बजेटमा त्रिविले यो शीर्षकलाई आन्तरिक आम्दानीको स्रोतमा पनि राखेको छ । तर फिर्ता लिनुपर्ने रकम त्रिविले लिन सकेको छैन ।

**२ अर्ब बढी नोक्सानी**

अध्ययन बिदामा गएर प्राध्यापक नफर्किंदा त्रिविलाई २ देखि ३ अर्ब रुपैयाँ नोक्सानी भएको छ । त्रिविले विज्ञ शिक्षक उत्पादन गर्न तलबसहित दिएको अध्ययन बिदाको चरम दुरुपयोग भएको हो । अध्ययन बिदामा विदेश गएकामध्ये नफर्किनेको संख्या बढ्दा त्रिविले आर्थिक क्षतिका साथै शैक्षिक समस्या र नैतिक नोक्सानी बेहोरिरहेको छ ।

त्रिविको शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम २०५० मा ३ वर्षभन्दा बढी ५ वर्षसम्मको अध्ययन बिदा उपभोग गरेका शिक्षकले फर्केर कम्तीमा ५ वर्ष सेवा गर्नुपर्ने उल्लेख छ । यदि ३ वर्षको अध्ययन बिदा उपभोग गरेमा कम्तीमा ३ वर्ष विश्वविद्यालयको सेवामा रही काम गर्नुपर्ने नियम छ ।

अध्ययन बिदा सकिएपछि शिक्षक नफर्किएमा बिदामा बस्दा त्रिविको ढुकुटीबाट खाइपाइ आएको तलब भत्तामा १० प्रतिशत ब्याजसहित फिर्ता गर्ने भनेर शिक्षक कर्मचारीले कबुलियतनामा पनि गरेका हुन्छन् । ५ वर्षसम्म त्रिविको तलब खाने र बिदा सकिएपछि अमेरिका, अस्ट्रेलिया, क्यानडा तथा युरोपका विभिन्न मुलुकमा बस्ने गरेको पाइएको छ । त्रिविका शिक्षक कर्मचारी नफर्किएमा वा अध्ययन पूरा गर्न नसकेमा बिदामा बस्दा खाएको तलब-भत्ता फिर्ता गर्ने भनी शिक्षकले कबुलियत गरेका हुन्छन् । खाइपाइ आएको तलब-भत्ता फिर्ता नगरेमा जायजेथाबाट असुल गर्नू भनी ३ जना साक्षी राखेर कबुलियतसमेत गरिएको हुन्छ । तर अध्ययन बिदामा गएका धेरै प्राध्यापकले कुनै पनि नियम पालना गर्दैनन् ।

त्रिविको नियममा शिक्षक लगातार ९० दिनसम्म विनासूचना क्याम्पस वा कार्यालयमा अनुपस्थित रहेमा सेवाबाट हटाउने वा बर्खास्त गर्न सकिने भनिएको छ । विदेशबाट राजीनामापत्र त्रिविमा पठाउने तर रकम भने फिर्ता गर्ने गरेका छैनन् । मानविकी तथा सामाजिकशास्त्र संकाय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान र इन्जिनियरिङ अध्ययन संस्थानका धेरै प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेका छन् । ३९८ जना प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेकोमा मानविकी तथा सामाजिकशास्त्र संकायमा ११४ जना, विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा १०६ जना र इन्जिनियरिङ अध्ययन संस्थानमा ९९ जना छन् ।

त्यसैगरी, वन विज्ञान अध्ययन संस्थानमा २८ जना, कृषि र पशु विज्ञान अध्ययन संस्थानमा १३ जना, चिकित्साशास्त्र अध्ययन संस्थानमा ९ जना, शिक्षाशास्त्र संकायमा ९ जना, व्यवस्थापन संकायमा १९ जना र कानुन संकायमा १ जना प्राध्यापक रहेका छन् । छानबिन समितिले तयार पारेको प्रतिवेदनमा नफर्किएका १९१ जना र बिदा लिएर अध्ययन पूरा नगर्नेमा २०७ जना गरी ३९८ जना प्राध्यापक छन् । त्रिवि स्रोतका अनुसार अध्ययनका क्रममा ४०० जना भेटिए पनि २ जनाको नाम पछि झिकिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# कहिले नियुक्त हुन्छन् अर्का डेपुटी गभर्नर ?

काठमाडौं/सरकारले मंगलबार नेपाल राष्ट्र बैंकमा एक डेपुटी गभर्नरमा राष्ट्र बैंकका कार्यकारी निर्देशक किरण पण्डितलाई नियुक्त गऱ्यो । केन्द्रीय बैंकमा दुई डेपुटी गभर्नर हुने प्रावधान छ । सरकारले मंगलबार एउटा डेपुटी गभर्नरमा पण्डितलाई नियुक्त गरे पनि अर्को रिक्त राखेको छ ।

केन्द्रीय बैंकका १८ कार्यकारी निर्देशकबाट गभर्नरले सिफारिस गरेकामध्ये दुई जना डेपुटी गभर्नर नियुक्त गर्नुपर्नेमा सरकारले एकलाई मात्र नियुक्त गरेको हो । सरकारले राजनीतिक झुकाव नराखेको तथा प्रतिस्पर्धा र क्षमतावान उम्मेदवारका रूपमा पण्डितलाई पाइएपछि डेपुटी गभर्नर नियुक्त गरिएको अर्थ मन्त्रालय स्रोतले जानकारी दियो ।

डा. युवराज खतिवडा गभर्नर हुँदा रविन्द्र पाण्डेलाई डेपुटी गभर्नर नबनाउन रिक्त पदमा पनि नियुक्ति नगरी अड्काएका थिए । त्यसपछि केन्द्रीय बैंकको डेपुटी गभर्नर नियुक्ति एकै पटक हुन थालेको हो । 'पूर्वगभर्नर खतिवडाले गरेको गल्ती सच्याइएको छ,' स्रोतले भन्यो, 'तत्कालका लागि केन्द्रीय बैंकको उच्च नेतृत्वमा डेपुटी गभर्नर नहुँदा ग्याप फिल नहोस् भनेर अहिलेका लागि एक डेपुटी नियुक्त गरिएको हो ।'

विगतको अभ्यास पनि केन्द्रीय बैंकको डेपुटी गभर्नर नियुक्ति एक जना नियुक्त भएको केही समय पछाडि अर्को नियुक्त गर्ने अभ्यास थियो । 'राष्ट्र बैंकलाई अप्ठ्यारो नपरोस्, अब अहिले गभर्नर कतै जानुपरेको वा बिदा बस्नुपरेको खण्डमा चल्नै नसक्ने अवस्था बन्यो,' स्रोतले भन्यो, 'एकैचोटि दुइटै डेपुटी गभर्नर नहुँदा समस्या देखिएको थियो, एउटा नियुक्ति गरेपछि केन्द्रीय बैंक नेतृत्वविहीन हुने अवस्था रहेन, अर्को डेपुटी नियुक्ति पनि आगामी एक देखि तीन महिनासम्म हुन्छ, त्यसमा पनि हालका कार्यकारी निर्देशकहरूबाट सिफारिस हुने मध्येबाट योग्य, प्रतिस्पर्धी, व्यावसयिक र राष्ट्र बैंकको हितमा काम गर्ने व्यक्तिलाई नियुक्त गरिने छ ।'

कार्यकारी निर्देशक मध्येबाट अधिकांशले आफ्नालाई डेपुटी गभर्नर बनाइदिन भन्दै सम्पर्क स्थापनाको पहल गरेका थिए । आगामी डेपुटी गभर्नर के हुन्छ भन्नेमा हालका कार्यकारी निर्देशकको आगामी कार्यसम्पादनले देखाउने स्रोतको भनाइ छ । करिब दुई तिहाइको जनादेश आएको सरकारले तत्कालका लागि नियामक निकायमा नियुक्त भएका व्यक्तिलाई तत्काल चलाउने सोचमा नभएको समेत स्रोतले स्पष्ट पाऱ्यो ।

अर्का डेपुटी गभर्नर नियुक्त गर्दा हालका निर्देशकलाई पर्खेको केन्द्रीय बैंकभित्र चर्चा हुन थालेको छ । निर्देशकमा रहेका आगामी केही समयमा कार्यकारी निर्देशक हुने र उनलाई नै डेपुटी बनाउने योजनामा सरकार रहेको हुन सक्ने अनुमान केन्द्रीय बैंकका अधिकारीहरूको छ । नवनियुक्त डेपुटी गभर्नर पण्डित राष्ट्र बैंक प्रवेश गरेको करिब २ दशक भएको छ । पण्डितले बैंक सुपरिवेक्षण, बैंक तथा वित्तीय संस्था नियमन, पेमेन्ट, विदेशी विनिमय विभागमा काम गरेका छन् ।

२० फागुन २०८१ मा राष्ट्र बैंक कार्यकारी निर्देशक बढुवा भएलगत्तै भुक्तानी प्रणाली विभाग नेतृत्व गरेका पण्डितको गत कात्तिकमा विदेशी विनिमय व्यवस्थापन विभागमा सरुवा भएको थियो । निर्देशक हुँदा उनी राष्ट्र बैंकको ६९औं वार्षिकोत्सवका अवसरमा सर्वोत्कृष्ट कर्मचारीका रूपमा सम्मानित भएका थिए । पब्लिक युथ क्याम्पसबाट बीबीएस उत्तीर्ण उनी आफ्नो ब्याचमा त्रिभुवन विश्वविद्यालयमै सर्वोत्कृष्ट बनेका थिए ।

# 'एक्का तीन'मा भित्रिए पुष्प, पूजासँग जोडी बाँधिने

काठमाडौं/'दान्भी' निर्देशक रुपेश तामाङ यतिबेला नयाँ फिल्म 'एक्का तीन' निर्माणको तयारीमा छन् । गत असारमा थिम पोस्टर सार्वजनिक गर्दै उनले फिल्म निर्माणको औपचारिक घोषणा गरेका थिए । त्यही बेला फिल्मको मुख्य अभिनेत्रीमा पूजा शर्मा हुने जानकारी पनि गराइएको थियो । अब यस फिल्ममा अभिनेता पुष्प खड्काको प्रवेश भएको छ ।

मंगलबार निर्देशक तामाङले पुष्पलाई फिल्मको मुख्यमध्ये एक भूमिकामा अनुबन्धित गरेका हुन् । फिल्ममा पुष्प पूजाको जोडी बनेर प्रस्तुत हुनेछन् । यो उनीहरूको दोस्रो सहकार्य हुनेछ । यसअघि दुवैले फिल्म 'छत्तीसको आँकडा'मा काम गरिसकेका छन् । फिल्ममा पुष्प र पूजा दुवै एक्सन भूमिकामा प्रस्तुत हुने जनाइएको छ ।

निर्देशक तामाङका अनुसार फिल्मबाट एकजना नव-नायक र एकजना नव-नायिकालाई भित्र्याउने तयारी पनि गरिएको छ । नयाँ कलाकारबारे केही दिनमा जानकारी गराइने उनले बताए । यसपटक फिल्ममा कथासहित एक्सन र सस्पेन्स बलियो हुने उनको दाबी छ । निर्देशनको हिसाबले यो उनको तेस्रो फिल्म हुनेछ । 'दान्भी'अघि उनले 'जय शम्भो' बनाएका थिए ।

आगामी जेठ महिनाबाट छायांकन सुरु हुने यस फिल्ममा सुमन गजमेरको लेखन रहेको छ । उनले यसअघि 'रंगी' लेखेका थिए । 'महापुरुष' र 'बाबरी'मा उनले सह-निर्देशकको रुपमा समेत काम गरेका छन् । 'एक्का तीन'लाई जुना फिल्म्स र अधिरा फिल्म्सले निर्माण गर्नेछन् । यो फिल्मको दोस्रो श्रृंखला पनि निर्माण गर्ने योजनामा निर्माण पक्ष रहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# अपाङ्गता भएका व्यक्तिलाई हाइजिन किट, टेवा रकम

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/थाहा नगरपालिकाले पूर्णअपाङ्गता भएका व्यक्तिको स्वास्थ्य संरक्षण र जीवनस्तर सुधार गर्ने उद्देश्यले ३५ जनालाई हाइजिन किट वितरण गरेको छ ।



नगरपालिकाको 'समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम' अन्तर्गत 'क' वर्गका अपाङ्गता भएका व्यक्तिका अभिभावकलाई हेरचाहसम्बन्धी तालिमसहित किट प्रदान गरिएको हो । महिला, बालबालिका तथा अपाङ्ग परिचयपत्र शाखाप्रमुख प्रतिमा मोक्तानका अनुसार पूर्णअपाङ्गता भएका व्यक्तिको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै सरसफाइ सामग्री वितरणसँगै उनीहरुको उचित हेरचाह कसरी गर्ने भन्ने विषयमा व्यावहारिक तालिम सञ्चालन गरिएको थियो ।

नगरभित्र 'ग' र 'घ' श्रेणीमा पर्ने अपाङ्गता भएका व्यक्तिको जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले टेवा रकम वितरण गरिएको छ ।

थाहा नगरप्रमुख विष्णु बिष्टले यस्तो सहयोगले भत्ता नपाउने अपाङ्गता परिचयपत्र वाहकलाई सानो आयआर्जनतर्फ उन्मुख गराउन मद्दत पुग्ने विश्वास व्यक्त गरे । उनले भने, 'स्थानीय तहबाट यस्ता कार्यक्रमले अपाङ्गता भएका नागरिकलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउँछ । सानो सहयोगले पनि ठूलो परिवर्तन ल्याउन सक्छ ।' कार्यक्रममा उपप्रमुख भरत गोपालीले पनि यस्ता पहल दीर्घकालीनरुपमा प्रभावकारी हुने उल्लेख गर्दै भने, 'यो सानो बीउ पूँजी जस्तै हो, जसले भविष्यमा ठूलो परिवर्तन ल्याउन सक्छ ।'

प्रमुख प्रशासकीय अधिकृत निरज पौडेलले नगरपालिकाले समावेशी विकासलाई प्राथमिकतामा राख्दै अपाङ्गता भएका व्यक्तिको सशक्तीकरणका लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए । उनले भने, 'अपाङ्गता भएका व्यक्तिलाई आत्मनिर्भर बनाउने दिशामा नगरपालिका प्रतिबद्ध छ, आगामी दिनमा यस्ता कार्यक्रम अझ प्रभावकारीरुपमा अघि बढाइनेछ ।' कार्यक्रम थाहा नगरपालिकाको आर्थिक सहयोग तथा मकवानपुर अपाङ्ग उत्थान समाजको सहकार्यमा सञ्चालन गरिएको हो ।

समाजका अध्यक्ष राम थापाको अध्यक्षता तथा नगरप्रमुख बिष्टको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नगर उपप्रमुख गोपाली, वडा न ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, वडा न ४ का अध्यक्ष नारायण लामा, सामाजिक विकास शाखाप्रमुख अनिल लामिछाने, ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख रुक्सा बज्राचार्य, महिला बालबालिका तथा अपाङ्ग परिचयपत्र शाखाप्रमुख प्रतिमा मोक्तान, अपाङ्ग सरोकार मन्च थाहाका संयोजक मनलाल गोपालीलगायतको उपस्थिति थियो ।

थाहा नगरपालिका र मकवानपुर अपाङ्ग उत्थान समाजले थाहा-२ निवासी ८ वर्षीया सुस्मिता बिष्टलाई खुट्टाको उपचारका लागि २५ हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको थियो । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्राध्यापक लक्ष्मी पौड्यालले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य तथा महिला स्वास्थ्यसम्बन्धी प्रशिक्षण दिएका थिए भने जीवनशैली विज्ञ रमन भट्टराईले सकारात्मक जीवनशैली सम्बन्धी प्रशिक्षण प्रदान गरेका थिए । थाहा नगरपालिकास्तरीय अपाङ्गता समन्वय समितिका अध्यक्ष गोपालीकाअनुसार मध्यम तथा सामान्य श्रेणीका अपाङ्गता भएका व्यक्तिलाई उनीहरुको आवश्यकता अनुसार टेवा रकम उपलब्ध गराइएको हो ।

कार्यक्रम दुई दिनसम्म संचालन भएको थियो । २०७८ सालको जनगणनाअनुसार बागमती प्रदेशमा १ लाख २४ हजार १ सय अपाङ्गता भएका व्यक्ति रहेका छन् । स्थानीय तहबाट सञ्चालन गरिने यस्ता कार्यक्रमले अपाङ्गता भएका समुदायलाई सशक्त बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

# अञ्जनको बुट क्याम्पबाट उत्साहित बालबालिका



साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ मकवानपुरे खेलाडी एवम् नेपाली राष्ट्रिय फुटबल टोलीका स्टार अञ्जन विष्टको ट्रेनिङ सेन्टरले आयोजना गरेको बुट क्याम्पमा जुनियर फुटबलर उत्साहित भएका छन् ।

ललितपुरको बुद्धविकास फुटबल मैदानमा भएको १० दिने बुट क्याम्पमा करिव ७२ जना बालबालिका प्रशिक्षण गरिररहेका छन् । ८ देखि १६ वर्षको बालबालिकालाई लक्षित गरेर उनीहरुको कौशलतामा वृद्धि गर्ने उद्देश्यले यो क्याम्प आयोजना भइरहेको छ । नेपालका लागि सर्वाधिक अन्तर्राष्ट्रिय गोलकर्ता (१३) को सूचीमा रहेका तीन खेलाडीमध्ये एक अञ्जन करिब १२ वर्षदेखि राष्ट्रिय जर्सीमा देखिँदै आएका छन् । उनले नै स्थापना गर्न लागेको विष्ट ट्रेनिङ सेन्टरले बुट क्याम्प सञ्चालन गरिरहेको छ ।

नेपालका स्ट्राइकर विष्टले १० दिनको नेक्स्ट जेन बुट क्याम्प सकारात्मकरुपमा अघि बढेको र यहाँबाट धेरै पक्ष सिक्ने पाएको विश्वास व्यक्त गरेका छन् । नेपाली फुटबलमा योगदान गर्दै जाने उनको विश्वास छ । पहिलो दिनदेखि १० दिनसम्मका लागि पूर्ण योजनासहित क्याम्पमा प्रशिक्षण हुने उनी बताउँछन् । यसैले पनि यहाँबाट बालबालिकाले धेरै पक्ष सिक्ने पाउने अञ्जनको विश्वास छ । हरेक दिन के नयाँ गर्न सकिन्छ भनेर काम गरिरहेको उनी बताउँछन् । व्यक्तिगत रुपमा पनि बालबालिकासँग आफूले कुराकानी गरिरहेको र चार दिनसम्म सकारात्मक प्रतिक्रिया आएकाले निकै उत्साहित भएको अन्जन बताउँछन् ।

सिकिरहेको प्रशिक्षण प्रभावकारी छ की छैन ? के पक्षमा सुधार आवश्यक देखिन्छ जस्ता पक्षमा जुनियर फुटबलरसँग सोध्ने गरेको अञ्जनले उल्लेख गरेका छन् । अविभावकबाट राम्रो प्रतिक्रिया आइरहेको र आगामी यात्राबारे प्रश्न आउने गरेको अञ्जनले बताएका छन् । उनले अबको एक महिनामा नै एकेडेमी निर्माण गर्ने बताए । यसको सञ्चालनका लागि चुनौती रहेकोमा उनी स्वीकार गर्छन् । आँट र शाहस बोकेर अघि बढ्नसके एकदिन कामले सार्थकता पाउनेमा अञ्जन विश्वस्त देखिएका छन् ।

नेपाली फुटबल सकिसक्यो भन्ने होहल्ला सुनिए पनि खेलाडीको रुपमा आफूहरुले पनि केही गर्नुपर्ने उनले औंल्याएका छन् । यो १० दिने क्याम्पमा जुनियर फुटबलरलाई कडा मिहिनेत र समर्पणबारे सिकाउने उनी बताउँछन् ।

बुट क्याम्पमा सहभागी बालबालिकाकाको अविभावक तथा शाहस स्पोर्ट्सका निर्देशन जनक न्यौपानेले बिदाको समयमा बालबालिका अनाश्यक काममा लाग्न सक्ने भएकाले बुट क्याम्पमा सहभागी गराएको बताए । बिष्टले क्याम्प गर्न लागेपछि केही सिक्न पाउने आशासहित प्रशिक्षणमा सहभागी भएको न्यौपाने बताउँछन् । यो क्याम्प सकिएपछि के गर्न सकिन्छ भन्ने बारे पनि निर्धारण हुन आवश्यक रहेको उनको भनाइ छ ।

बुट क्याम्पमा सहभागी एक जुनियर फुटबलर सौजन न्यौपानेले ड्रिब्लिङ, गेम ट्रेनिङ र पासिङ जस्ता पक्ष सिकेको बताए । यो क्याम्पबाट सुधार आएको उल्लेख गर्दै उनले राष्ट्रिय टोलीमा पुग्ने लक्ष्य रहेको बताए । यस क्याम्पमा आधारभूत प्रशिक्षणदेखि खेलाडीको खेल कौशलअनुरुप खेल अनुशासन, मेहनत, धैर्यता जस्ता फुटबलका पक्षमा प्रशिक्षण भइरहेको छ ।

# न्यूनतम पारिश्रमिक उपलब्ध गराउन निजी अस्पताललाई बागमती प्रदेश सरकारको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ स्वास्थ्यकर्मीलाई सरकारले तोकेको न्यूनतम पारिश्रमिक तथा सेवासुविधा उपलब्ध गराउन बागमती प्रदेश सरकारले निर्देशन दिएको छ ।




प्रदेशको स्वास्थ्य मन्त्रालयले प्रदेशभित्र सञ्चालित सबै निजी तथा गैरसरकारी अस्पताललाई स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक र सेवासुविधा अनिवार्यरुपमा कार्यान्वयन गर्न निर्देशन दिएको हो । मन्त्रालयले बुधबार सूचना जारी गर्दै मन्त्रालयअन्तर्गत दर्ता तथा नवीकरण भएका विभिन्न अस्पतालमा कार्यरत नर्सिङ स्टाफ र अन्य स्वास्थ्यकर्मीले तोकिएको न्यूनतम पारिश्रमिक र सुविधा नपाएको प्रति ध्यानाकर्षण भएको जनाएको छ । मन्त्रालयले श्रम ऐन, २०७४ को स्मरण गराउँदै श्रमिकका रुपमा कार्यरत व्यक्तिलाई रोजगारदाताले कम्तिमा न्यूनतम पारिश्रमिक, बिरामी बिदा, उपदान, सञ्चय कोष, र बीमालगायतका सामाजिक सुरक्षासम्बन्धी सुविधा उपलब्ध गराउनुपर्ने स्पष्ट पारेको छ ।

यसअघि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सरोकारवाला पक्षबीच २०८२ कात्तिक १५ मा भएको सम्झौतालाई समेत पूर्णरुपमा पालना गर्न निर्देशन दिइएको हो । कुनै स्वास्थ्यकर्मीलाई न्यूनतम पारिश्रमिक र अन्य सेवासुविधाबाट वञ्चित गरिएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने मन्त्रालयले चेतावनी दिएको छ । मन्त्रालयले अस्पतालको नियमित अनुगमन गर्ने र यसक्रममा तोकिएको व्यवस्था कार्यान्वयन नभएको पाइएमा आवश्यक कानुनी तथा प्रशासनिक कदम चाल्न मन्त्रालय बाध्य हुने जनाएको छ ।

# घरेलु मदिराको भट्टी सञ्चालकसहित ३ जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ मकवानपुर प्रहरीले हेटौंडा उपमहानगरपालिका-१६ मा अवैध रुपमा घरेलु मदिरा उत्पादन गर्दै आएका भट्टी सञ्चालकसहित तीन जनालाई नियन्त्रणमा लिएको छ ।

काभ्रे जिल्ला तेमाल गाउँपालिका-५ का भिमानसिंह तामाङले हेटौंडा-१६ स्थित शिवम सिमेन्ट नजिकै स्थानीय विष्णु अवस्थीको घरमा डेरागरी बस्दै अवैध घरेलु मदिरा उत्पादन गर्दै आएका थिए । प्रहरीले तामाङलाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीका अनुसार, भट्टी सञ्चालक ६७ वर्षीय तामाङसहित १९ वर्षीय कामदार लिलाबहादुर तामाङ र २२ वर्षीय शिवराज ठकुरीलाई पनि नियन्त्रणमा लिइएको छ ।

प्रहरीले उनीहरुको साथबाट तयारी घरेलु मदिरा, कच्चापदार्थ, मदिरा बनाउने मेशिन र भाँडाबर्तन बरामद गरेको छ । आवश्यक कारबाहीका लागि उनीहरुलाई जिल्ला प्रहरी कार्यालयमा ल्याएर थप अनुसन्धान भइरहेको छ । बरामद सामग्रीमा ५०० लिटर घरेलु मदिरा, २५०० लिटर कच्चापदार्थ, मदिरा बनाउने मेसिन, १५ वटा प्लास्टिकको ड्रम, ७ वटा ग्यास सिलिन्डर, ३ वटा फलामको स्टेन्ड, १ भट्टेचुलो, आधा कार्टुन मर्चा, आधा कार्टुन सोडा र ४० बोरा कोदो समावेश छन् । तयारी मदिरा र कच्चापदार्थ नष्ट गरिएको छ ।

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर:


विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप ) आदिको अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना